# अपराध कथाका रूपमा 'मैले सरिताको हत्या गरेँ' कथाको विश्लेषण

- **दुर्गाप्रसाद शर्मा**

नाम्ची सरकारी महाविद्यालय।

**सार**- गोविन्दबहादुर मल्ल गोठालेको तेस्रो कथासङ्ग्रह **प्रेम र मृत्यु**मा सङ्ग्रहित मैले सरिताको हत्या गरेँ कथाको अपराध वैज्ञानिक विश्लेषण गर्नु यस शोधपत्रको उद्देश्य हो। चारित्रिक मनोविकारबाट निर्मित पात्रका माध्यमले कथामा जघन्य अपराधका श्रेणीमा राखिने हत्याजस्तो अमानवीय घटना भएको कुरो चित्रण गरिएकाले उपर्युक्त कथालाई अपराध आख्यान भन्न सकिन्छ। कथामा गोठालेले हत्याराको मनोग्रन्थीलाई सफलतापूर्वक केलाएका छन्। गोठालेका अपराध कथाहरु हत्या हिंसापछि जासुसी वा प्रहरी प्रक्रियात्मक तरिकाद्वारा हत्यारा वा हत्याको छानबिन गरिने पाश्चात्य साहित्यका अपराधकथा जस्ता नभएर हत्याराका असामान्य मनोग्रन्थी केलाउने मनोवैज्ञानिक ढाँचाका पाइन्छन्।

**बीज शब्द**- प्रेम, मृत्यु, हत्या, अपराध, मनोदशा, अपराध आख्यान

## १ विषय प्रवेश

'मैले सरिताको हत्या गरेँ' गोविन्दबहादुर मल्ल गोठालेद्वारा लिखित लोकप्रिय अपराध कथा हो। नेपाली साहित्यका क्षेत्रमा मनोवैज्ञानिक आख्यानकारका रूपमा चर्चित र गोठाले नामले परिचत गोविन्दबहादुर मल्ल **शारदा** पत्रिकाका सम्पादक ऋद्धिबहादुर मल्लका सुपुत्र हुन्। आफ्नो घरबाटै साहित्यिक परिवेश पाएका गोठाले नेपाली साहित्यका क्षेत्रमा कथाकार, नाटककार र उपन्यासकारका रूपमा चर्चित छन्। आख्यानका क्षेत्रमा उनको विशेष योगदान अपराध मनोविज्ञानमा आधारित चरित्रको निर्माण गरी मान्छेका आन्तरिक मनोदशाको चित्रण गर्नु रहेको देखिन्छ। नेपाली कथाका क्षेत्रमा गोठाले विश्वेश्वरप्रसाद कोइरालाले सुरु गरेको मनोविश्लेषणात्मक प्रवृत्तिलाई अझ निखारता दिँदै मानव मनमा कुण्ठित भई बसेका आवेग-संवेग, चाहना, इच्छा र आकाङ्क्षाहरूलाई मनोविश्लेषणका माध्यमबाट चिनाएर पात्रमा रहेको अपराधी मनोदशाको समेत चित्रण गर्न सफल भएको देखिन्छन् । **कथा सङ्ग्रह, कथै कथा, प्रेम र मृत्यु** गरी जम्मा तीनवटा कथासङ्ग्रहहरू प्रकाशित गरेका गोठालेका कथाहरू आधिकारिक र प्रासङ्गिक अपराध विषयवस्तु लिएर देखापरेका छन्। आधिकारिक अपराध विषयवस्तु भएका उनका अपराध कथाहरु हुन्- 'कृष्णे र

खुकुरी', 'प्रेम र मृत्यु' अनि 'मैले सरिताको हत्या गरेँ'। यस शोध पत्रमा उनको 'मैले सरिताको हत्या गरेँ' कथालाई अपराध कथा (क्राइम फिक्सन)-का रूपमा अध्ययन गरिएको छ।

## २ अपराध, अपराध विज्ञान र अपराध आख्यान

'अपराध' तत्सम शब्द हो। यसको शाब्दिक अर्थ 'लोकहित विरुद्धको काम गर्नु' भन्ने हुन्छ। पूर्वीय धार्मिक शास्त्रहरूले धर्म विरुद्ध गरिने कामलाई अपराध मानेको छ भने यस्तो कार्य गर्ने व्यक्तिलाई अपराधीको संज्ञा दिइएको छ। साधारण रूपमा सामाजिक नीति नियम विरुद्ध काम गर्नु नै अपराध हो। **नेपाली बृहत् शब्दकोश** अनुसार 'कसैको अपमान वा हानि-नोक्सानी हुने काम, कानुन विरुद्धको काम, धार्मिक दृष्टिबाट गर्न नहुने आचरण, पाप लाग्ने काम, कसुर, दोष, भुलचुक आदि अपराधभित्र पर्दछन्।[१] यसरी नै **द वर्ल्ड बुक इन्साइक्लोपेडिया**ले अपराधलाई यसरी परिभाषित गरेको छ- 'अपराध त्यस्तो कृत्य हो जसलाई कानुनले वञ्चित गरेको छ।'[२] टोपबहादुर सिंहले आफ्नो **कानुनी शब्दकोश**मा अपराधलाई यसरी अर्थ्याएका छन्- 'विस्तृत समुदायका सन्दर्भमा खराब आशयबाट उल्लङ्घन गर्ने कार्य, दण्डनीय कानुनको उल्लङ्घन गरी गरिएको सकारात्मक वा नकारात्मक कार्य।'[३] अपराध विशेषज्ञ सान्द्रा वकलेटले आफ्नो पुस्तक क्रिमिनोलजीमा अपराधलाई यसरी अर्थ्याएकी छन्- 'कानुनद्वारा वञ्चित गरिएको कार्य जानी जानी वा अन्जानमा गर्नु अपराध हो।'[४]

माथि उल्लेखित परिभाषाहरू विचार गर्दा अपराध भन्नाले सामाजिक नियमको उल्लङ्घन, धार्मिक दृष्टिबाट गर्न नहुने आचरण, कानुनद्वारा वञ्चित गरिएको कार्य भन्ने बुझिन्छ। प्रत्येक समाजमा केही न केही आपराधिक घटनाहरू भइरहन्छन्। आपराधिक कृत्यहरू कानुनको उलङ्घन गरेर गरिएको भेटियो भने त्यसलाई कानुनी अपराध मान्दै दण्ड दिने कार्य न्यायपालिकाले गर्छ। कोही पनि व्यक्ति सामाजिक कानुन (जस्तै- जात-भात) जो वर्णव्यवस्थामा आधारित हुन्छ त्यसको उल्लङ्घन गर्दैमा अपराधी भई हाल्दैन। अन्तर्जातीय विवाह भारतीय सवर्ण समाजमा अपराध हुन सक्छ तर यो कानुनी अपराध होइन। यसरी अपराध विषयक शोध एउटा जटिल कार्य हो एवम् यो

---

[१] कृष्णप्रसाद पराजुली (सम्पा), वि सं २०६७, **नेपाली बृहत् शब्दकोश**, सातौँ संस्करण, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ २२

[२] **द वर्ल्ड बुक इन्साइक्लोपेडिया**, भोल्युम ४, ई सं १९७६, न्युयोर्क, फिल्ड एडुकेसन कर्पोरेसन, पृ १८४

[३] टोपबहादुर सिंह, वि सं २०५४, **कानुनी शब्दकोश**, दोस्रो संस्करण, काठमाडौँ, रत्न पुस्तक भण्डार, पृ ३८

[४] सान्द्रा वकलेट, ई सं २००५, **क्रिमिनोलजी**, न्युयोर्क, रुटलेज, पृ ३

कार्य चुनौतीपूर्ण रहेको कुरो हो भन्ने यससँग सम्बन्धित शोधकर्ताहरूको भनाइ पनि रहेको छ। अपराध आफैमा एउटा जटिल शब्द हो जसको अर्थ र स्वरूप देश, समाज र विभिन्न परिप्रेक्ष्यमा आआफ्नै हुनसक्ने कुरा अपराधशास्त्रीहरूको रहेको छ।

'अपराध' र 'शास्त्र शब्द'का योगबाट 'अपराधशास्त्र' शब्दको निर्माण भएको छ। अपराध तत्सम शब्द भए तापनि आजका सन्दर्भमा यसको प्रयोग अङ्ग्रेजीको 'क्राइम' शब्दको नेपाली रूपान्तरका रूपमा हुँदै आएको पाइन्छ। अङ्ग्रेजीको 'क्राइम' ल्याटिन भाषाको 'क्राइमेन'बाट बनेको हो जसको अर्थ आरोपी भन्ने हुन्छ। यही 'क्राइमेन' शब्दमा ग्रिक भाषाको 'लोजिया' शब्द योग हुँदा 'क्रिमिनोलजी' शब्द बन्दछ। 'लोजिया'को अर्थ वैज्ञानिक अध्ययन भन्ने हुन्छ। 'क्रिमिनोलजी' भारतीय भाषाहरूमा रूपान्तरित हुँदा यसलाई 'अपराधविज्ञान' वा 'अपराधशास्त्र' भनिएको छ। साधारण रूपमा अपराध र अपराधीहरूको मानसिक अवस्थाको वैज्ञानिक अध्ययन गर्ने विज्ञानलाई अपराध विज्ञान भन्न सकिन्छ। अपराधशास्त्र शब्द प्रथमचोटि प्रयोग गर्ने श्रेय इटलीका कानुन विषयका प्राध्यापक राफेल गारोफालोलाई जान्छ। उनले ई सं १८८५ तिर अध्यापनका क्रममा क्रिमिनोलजिया शब्दको प्रयोग गरेका हुन्। यसै अवधिमा फ्रान्सेली मानवशास्त्री पल टोपिनार्डले यसलाई फ्रान्सेलीमा क्रिमिनोलजी भनेको थाहा पाइन्छ।[५]

**नेपाली बृहत् शब्दकोश**मा अपराधविज्ञानलाई यसरी परिभाषित गरिएको छ- 'अपराध गर्नाको कारण खोजी गर्ने र सो अपराध गर्ने प्रवृत्ति हटाउने कुराको शास्त्र।'[६] यसरी नै **इन्साइक्लोपिडिया ब्रिटानिका**ले अपराधको वैज्ञानिक अध्ययन गरेर त्यसको कारण खोज्ने, त्यसको रोकथाम गर्ने र सुधार गर्ने उपाय समेत बताउने विज्ञानलाई अपराध विज्ञान भनेको छ।[७]

उल्लेखित परिभाषाका आधारमा अपराध विज्ञान अपराधको प्रकृति, कारण र निवारण सम्बन्धी अध्ययन गर्ने शास्त्र वा विज्ञान हो भन्न सकिन्छ। यो अन्तर्विषयात्मक शास्त्र हो जसको सम्बन्ध समाजशास्त्र, मनोविज्ञान र नृवंशशास्त्रसँग रहेको छ। अपराध सम्बन्धी शोधका मुख्य

---

[५] सान्द्रा वकलेट, **क्रिमिनोलजी,** पूर्ववत्, पृ ४

[६] कृष्णप्रसाद पराजुली (सम्पा), **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ २२

[७] **इन्साइक्लोपेडिया ब्रिटानिका**, भोल्युम ३, पन्ध्रौँ संस्करण, ई सं १९७४, सिकागो, सिकागो विश्वविद्यालय, पृ ७७

चारवटा स्वरूप देखिन्छन्- क) अपराधमूलक घटना, ख) घटनाको रूप, ग) घटनाको कारण अनि घ)घटनाको परिणाम।

## ३ अपराध आख्यान

'अपराध आख्यान' पदावली अङ्ग्रेजीको 'क्राइम फिक्सन'को नेपाली रूपान्तर हो। हत्या, हिंसा, उत्पीडन, शोषण, दमन, बलात्कार, चोरी, आर्थिक हिनामिनाजस्ता समाजमा घट्ने यावत् घटनाहरू जुन कानुनी, सामाजिक एवम् नैतिक, धार्मिक दृष्टिकोणले पनि अपराध ठहर्ने जस्ता विषयलाई आख्यानीकृत गरिएको आख्यानलाई अपराध आख्यान भनिएको छ। अपराध आख्यान आख्यानको छुट्टै उपविधा हो जसले मुख्यत: अपराधलाई, अपराधसम्बन्धी छानबिनलाई र अपराधीको मनस्थितिलाई आख्यानमा मुख्य कथावस्तु बनाएर प्रस्तुत गर्दछ। यो मुख्यधाराको आख्यानभन्दा छुट्टै उपविधाका रूपमा संसारका  सबै साहित्यमा लेखिँदै आएको देखिन्छ। यस्तो लेखनको आधिकारिक थालनी युरोपीय मुलुकहरूबाट अठारौँ शताब्दीमा भएको देखाइए तापनि विश्व साहित्यका प्राय: सबै आख्यानहरूमा आधिकारिक वा प्रासङ्गिक रूपमा अपराध तत्त्व हुने कुरो विद्वान्हरूले गरेको देखिन्छ। पौराणिक र धार्मिक ग्रन्थहरूमा पनि अपराध आख्यान निहित हुन्छ। यसरी आधिकारिक रूपमा युरोपमा यस्तो लेखन अठारौँ शताब्दीबाट थालिए पनि यसको बीज प्राचीन धार्मिक र पौराणिक ग्रन्थहरूमा पाइन्छन्। अपराध आख्यानका थुप्रै हाँगा छन् जसमा जासुसी र छानबिन, हत्या, यौन हिंसा सम्बन्धी आख्यान प्रमुख रूपमा लेखिँदै आएको देखिन्छ। कसैमा चारित्रिक मनोविकारका कारण आपराधिक घटना भएका कुरालाई पनि प्रमुखता दिएर प्रस्तुत गरिएको देखिन्छ। अपराध आख्यानमा घटनालाई भन्दा चारित्रिक विशेषतालाई महत्त्वपूर्ण कडीका रूपमा प्रस्तुत गरिएको देखिन्छ। विश्व साहित्यमा अपराध आख्यान सम्बन्धी प्रमुख प्रभागहरु यस प्रकार छन्-

क) ऐतिहासिक जासुसी आख्यान
ख) प्रतीकात्मक गुप्तचर कथा
ग) अमेरिकी उच्च श्रेणी अपराध आख्यान सम्बन्धी स्कुल
घ) प्रहरी प्रक्रियात्मक आख्यान
ङ) कानुनी रोमान्चकारी आख्यान
च) जासुसी उपन्यास

छ) मनोवैज्ञानिक अनिश्चिततासम्बन्धी आख्यान

## ४ अपराध कथाका रूपमा 'मैले सरिताको हत्या गरेँ' कथाको विश्लेषण

प्रस्तुत कथा गोविन्दबहादुर मल्ल गोठालेको तेस्रो कथासङ्ग्रह **प्रेम र मृत्यु**मा सङ्ग्रहित छ। चारित्रिक मनोविकारबाट निर्मित पात्रका माध्यमले कथामा जघन्य अपराधका श्रेणीमा राखिने हत्याजस्तो अमानवीय घटना भएको कुरो चित्रण गरिएकाले यसलाई अपराध आख्यान भन्न सकिन्छ। यस कथामा गोठालेले हत्याराको मनोग्रन्थी सफलतापूर्वक केलाएका छन्। गोठालेका अपराध कथाहरु हत्या हिंसापछि जासुसी वा प्रहरी प्रक्रियात्मक तरिकाद्वारा हत्यारा वा हत्याको छानबिन गरिने पाश्चात्य साहित्यका अपराधकथा जस्ता नभएर हत्याराका असामान्य मनोग्रन्थी केलाउने मनोवैज्ञानिक ढाँचाका छन्।

### ४.१ अपराधमूलक कथावस्तु

'मैले सरिताको हत्या गरेँ' कथाको कथावस्तु अपराधमा आधारित छ। हत्याजस्तो जघन्य अपराध गर्ने यस कथाका म पात्रलाई मानसिक रूपमा अस्थिर चरित्रका रूपमा प्रस्तुत गरिएको छ। काठमाडौँको सहरी भावभूमिमा निर्मित यस कथाका कथावस्तुमा नागरीय जीवनको सामाजिक परिवेशका विभिन्न पक्षको पनि प्रस्तुति छ। आत्मकथात्मक वा प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यो कथा म पात्र जेलमा थुनिएर आफू पनि मर्ने कामना राख्दै गरेको विचारसँगै सुरु भएको छ। यस कथामा म पात्र र सरिताबिच भएको असफल र एकतर्फी प्रेमलाई मूल कथावस्तु बनाएर कथात्मक परिवेशको निर्माण गरिएको छ। पूर्वदीप्ति शैलीमा लेखिएको यस कथाले म पात्रमा भएको ध्वंसात्मक मरणवृत्ति र परपीडक मनोग्रन्थी प्रस्तुत गरेको छ। 'हत्या र हिंसाजस्तो जघन्य अपराध हुनाका प्रमुख कारण सामाजिक अनि पारिवारिक परिवेश, संस्कार र सङ्गतबाट निर्मित मानवीय मनोविज्ञान हो भन्दै अपराधको जैविकीय व्याख्या गर्ने' एनरीको फेरी[८] र 'अपराधलाई मानसिक दुर्बलता सिद्धान्तका आधारमा व्याख्या गर्ने' हेनरी गोदार्ड[९] जस्ता अपराधशास्त्रीका भनाइलाई यस कथाको म पात्रले चरितार्थ गरेको छ। म पात्रले जेल जीवन बिताइरहेको प्रसङ्गबाट सुरु भएको यस कथामा म

---

[८] जर्ज बी बोल्ड र थोमस जे बर्नार्ड, ई सं १९८६, **थियरिटिकल क्रिमिनोलोजी**, चौथो संस्करण, न्युयोर्क, अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ ३७

[९] पूर्ववत्, पृ ३८

पात्रको निराशा र पश्चतापलाई उद्घाटन गर्दै उसको मर्ने इच्छा समेत मरिसकेको कुरो प्रस्तुत गरिएको छ। उसले आफ्नै हातले सरिताको हत्या गरेको कुरो सम्झिन्छ। उसले प्रेमका लागि हत्या गरेको हो भन्ने प्रतिक्रिया दिन्छ तर मानिसहरूले चोरी र हत्या हो भन्दै गरगहनाका लागि हत्या गरेको भन्ने फतुर लगाएको पनि सम्झन्छ। सरितालाई देख्दा ऊ दन्त्यकथाकी अलौकिक केटी सम्झन्थ्यो र उसको सौन्दर्य देखेर अवाक् हुन्थ्यो। सरितासँग भलाकुसारी गर्ने मनमनै अठोट गर्थ्यो तर सक्दैनथ्यो। ऊ विभिन्न वेश्यालयहरू जान थालेपछि मात्र सरितासँग बोल्ने साहस प्राप्त गर्न थाल्छ। भेटमा उनीहरू एकाअर्कासँग स्पष्ट हुन चाहेर पनि अल्झिरहेका देखिन्थे। एकदिन सरिताका आग्रहमा ऊ सरिताको घर जान्छ। सरितासँग भाग्न चाहन्छ तर सरिता उसँग भाग्न नसक्ने निर्णय सुनाउँछे र बाबुआमाको भावना विपरीत अन्तर्जातीय विवाह गर्न नसक्ने र एक्ली छोरी भएका कारण बाबुआमाले विवाह निश्चित गरिसकेको कुरो खोल्दै आफूलाई इच्छा लागेको यौन सुख लिने र घरबाट निस्किने आग्रह गर्छे। ऊ भने सरिताको कौमार्य र सुन्दरता जोगाइराख्न चाहन्छ। उसले शारिरिक यौनतृप्ति त वेश्यालयहरूबाट नै लिन सक्ने सोच्दै उसका आत्मिक प्रेमको सरिताले कदर नगरेको आभास गर्दै चेतनाशून्य अवस्थामा पुगेर एकाएक सरिताको गर्दन अठ्याउन पुग्छ र निर्मम हत्या गर्छ। उसले आफैलाई पनि मारेर सरिताका आत्माको सार भेट्टाउने प्रयास गर्छ तर मर्न सक्दैन। ऊ सरिताको निर्लिप्त लाश हेर्दै विचारशून्य अवस्थामा पक्राउ पर्छ र आफू पनि मर्न नपाएको प्रसङ्ग सम्झेर पश्चातापका आगामा जेल जीवन बिताइरहेको छ। यसरी मानसिक उतारचडाउले ग्रसित असामान्य मनोस्थितिमा हत्या गरे पछि जेल जीवन बिताइरहेको म पात्रका अवस्थालाई कथामा चित्रण गरिएकाले यस कथाको कथावस्तु आधिकारिक रूपमा अपराध तत्त्वमा आधारित छ भन्न सकिन्छ।

## ४.२ आपराधिक चरित्र

'मैले सरिताको हत्या गरेँ' कथामा प्रमुख चरित्रका रूपमा सरिता र हत्यारा म पात्रलाई चित्रित गरिएको छ। हत्यारा म पात्र मनोरोगी छ। उसमा हीनता भावनाले बास गरेकाले उसलाई सरिता सामु जान र कुरा गर्न पनि आँट आउँदैन। सरितासँग खुल्न र नारी मनोभाव बुझ्न ऊ वेश्या गमन गर्न थाल्छ। वेश्या गमन गर्नु कानुनी र नैतिक अपराध मानिन्छ तर उसलाई कुनै अपराध बोध छैन। वेश्यालयका निम्ति पैसा निकाल्न घडी र कोटसमेत बेच्दा उसलाई कुनै किसिमको ग्लानि हुँदैन। ऊ सरितालाई एकतर्फी माया गर्छ तर सरितासँग खुलेर कुरा गर्न नसकेर नारीको मनोभाव बुझ्न वेश्यालय

गएको मनमनै स्वीकारोक्ति गर्छ। उसका व्यवहारदेखि उसको ठुल्दाजु पनि छक्क पर्नु बाहेक अरू केही गर्न सक्दैनन्। ऊ सरितालाई जस्तै अवस्थामा पनि प्राप्त गर्न चहान्छ। सरिताका शरीरलाई होइन आत्मालाई माया गरेको प्रसङ्ग झिक्दै सरिताको कौमार्य र सौन्दर्यलाई ऊ जोगाइराख्न चाहन्छ। सरिताले उससँग विवाह गर्न नसक्ने कुरो गर्दा अन्तिमपल्ट सरिताको नग्न शरीर हेर्ने इच्छा प्रकट गर्नु उसको चेतानाशुन्य मनोग्रन्थी र मानसिक द्वन्द्वको उत्कर्ष हो। उसले कर्तव्यशून्य र विचारशून्य अवस्थामा पुगेर सरिताको हत्या गर्न पुग्नुको वास्तविकता मनोवैज्ञानिक रूपमा ऊ सनकी प्रेमी हो भन्ने बुझिन्छ। उसको वेश्यालयतर्फको सक्रियता, पढाइप्रतिको बेवास्ता, पारिवारिक निष्क्रियता हुँदै सरिताको हत्यासम्मको व्यवहार उसका आपराधिक चरित्रका परिचायक हुन्। यसरी यस कथाको म पात्र सामाजिक, धार्मिक र कानुनी रूपमा अपराधी हो भन्न सकिन्छ। उसरी नै यस कथामा सरितालाई पारिवारिक संस्कारप्राप्त नारीका रुपमा चित्रण गरिएको छ। आफ्नो आमाबाबाले हेरेको वरसँग मात्र विवाह गर्न सक्ने एवम् जातभात पनि नमिल्ने प्रसङ्ग निकाल्दै यस्तो चरित्रभ्रष्ट मान्छेसँग विवाहका लागि उनीहरू कहिल्यै राजी नहुने मत प्रस्तुत गरेका आधारमा सरिताका आमाबाबा सामाजिक संस्कारका आधारमा सही भए पनि कानुनी रूपमा आपराधिक घटना घटाउने कारक तत्त्व भएर अप्रत्यक्ष रूपमा उपस्थित छन्। सरितामा पनि म पात्रलाई आफ्नो शरीर भोग्न दिन तयार हुनु जस्तो प्रसङ्गले उसमा चारित्रिक - नैतिक संस्कारको कमी भएको कुरो प्रस्ट छ।

## ५ निष्कर्ष

गोविन्दबहादुर मल्ल गोठालेका प्राय: कथाहरू सहरी परिवेशको जीवन संस्कारमा आधारित छन्। उनका कथाहरू घटनाप्रधान नभएर चरित्रप्रधान छन्। उनी बाह्य परिवेशको चित्रणभन्दा पात्रका आन्तरिक मनोदशाको चित्रण गर्नामा धेर रमाएको देखिन्छ। मानव मनका असन्तुलित अवस्थाको चित्रण गर्दै मनोवैज्ञानिक आधारमा सामाजिक तानाबाना केलाउनु उनका कथागत प्रवृत्ति हुन्। प्रस्तुत कथाका सन्दर्भमा कुरा गर्दा यो यौनमनोविज्ञानमा आधारित अपराध कथा हो। उनी यस कथामा म पात्रलाई मनोवैज्ञानिक आधारमा चित्रण गर्दै कथात्मक उत्कर्षमा हत्याजस्तो जघन्य अपराध भएको कुरो उसका मानसिक स्थिति र अवस्थाले जन्माएको व्यवहार वृत्ति हो भन्ने निष्कर्षमा पुगेको देखिन्छ। उनी आफ्ना कथामा पीडा, शङ्का, विवशता, भय, उत्सुकता, ईर्ष्या, क्रोध, अपराध जस्ता मानवीय आवेग संवेगका माध्यमद्वारा कथामा आन्तरिक द्वन्दको सिर्जना गरी कथात्मक अभिव्यक्ति

दिने सफल कथाकार हुन्। समग्रमा भन्नु पर्दा गोठालेका कथा हीनताभावग्रस्त मानसिकता, व्यक्तिको असामान्य मनोदशा, यौनमानसिकता र अपराधलाई कलात्मक अभिव्यक्त दिन सफल देखिन्छन्।